बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची-१

### बुदा नं. १२.२ संग सम्बन्धित

बैठक संख्या: ११६

मिति: २०८१/१२/२५

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | |
|---|---|
| १. श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. श्री गोवर्धन घर्ति | ५ नं. वडा अध्यक्ष |
| ९. श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**अन्य उपस्थिति:**

| | |
|---|---|
| १. भिमसेन बुढामगर | सूचना प्रविधि अधिकृत |
| २. धन बहादुर ओली | शिक्षा अधिकृत |
| ३. आलोक कुमार शाह | कम्प्युटर अपरेटर |
| ४. यज्ञ प्रसाद कँडेल | लेखा शाखा प्रमुख |
| ५. निर्धक रोकामगर | कार्यालय सहयोगी |

**प्रस्तावहरू:**

१. क्रसर उद्योग सञ्चालन अनुमति सम्बन्धमा।
२. बाल विकास कक्षा सञ्चालन र कक्षा थप अनुमति सम्बन्धमा।
३. विविध।

**निर्णयहरू:**

प्रस्ताव नं १ माथि छलफल गर्दा निर्माण व्यवसायीहरुले गाँउपालिका अन्तर्गतका सडक स्तरउन्नतिका लागि क्रसर उद्योग सञ्चालन गर्न स्वीकृति माग गरेकाले उक्त निर्माण व्यवसायीहरुलाई गाँउपालिकाको वातावरणीय परिक्षण प्रतिवेदन २०८१ र लुम्बिनी प्रदेश सरकारद्वारा जारी गरेको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ ले तोके बमोजिम अस्थाई अनुमति दिने निर्णय गरियो।

प्रस्ताव नं २ माथि छलफल गर्दा श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, घोराबाङ र श्री जनसहभागिता प्रा.वि., दहबाङमा बालविकास सहजकर्ताको दरबन्दी सृजना गरी बालविकास कक्षा सञ्चालन र श्री बराहक्षेत्र आधारभूत विद्यालय, छेर्लोबाङमा कक्षा ७ सञ्चालन गर्नका लागि अनुमति दिने निर्णय गरियो।

प्रस्ताव नं ३ माथि छलफल गर्दा थबाङ गाँउपालिकाको विविध विषयमा छलफल गरी तपशिलका निर्णय गरियो।

सनस्टार युवा क्लबले आयोजना गरेको जिल्ला स्तरीय खुला महिला भलिबल प्रतियोगितामा थबाङ गाँउपालिकाका महिला भलिबल खेलाडीहरुलाई उक्त प्रतियोगितामा सहभागी गराउदाँ भएको खर्च वापतको कुल रकम रु १,३४,५३९।७०/- र सनस्टार युवा क्लबलाई प्रगियोगिता आयोजना गरेवापत सहयोग स्वरुप रु १,००,०००/- विविध खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

थबाङ गाँउपालिकाद्वारा आ.व. २०८१/०८२ मा बहुउद्देशीय भवनमा चित्र पेन्टिङ शिर्षकमा रु ५०००००/- विनियोजन गरिएकोमा लागत अनुमान २,७५,२८१।९३ र सम्झौता रकम २५७५२९।४६ रहेकोमा पूर्ण चित्र पेन्टिङ गर्दा रु २,१०,९६९।६२ मा काम सम्पन्न भएको र बाँकी कार्य गर्न नरहेकोले उक्त रकम भुक्तानी दिने निर्णय गरियो।

थबाङ गाँउपालिकाको होमस्टे सञ्चालन एवम् व्यवस्थापन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।

यस कार्यालयमा कार्यरत प्राविधिक सहायक श्री विन्दु ढकाल मिति २०८१/१०/२८ देखि २०८१/१२/१० गतेसम्म शिक्षा तालिम केन्द्र रुपन्देहीमा एक महिने सेवाकालिन तालिममा सहभागी भएकाले उक्त समयावधिको भ्रमण भत्ता वापतको रकम भुक्तानी दिने निर्णय गरियो।

थबाङ गाँउपालिकाको ११७ औं कार्यपालिकाको बैठक मिति २०८१/१२/३० गते गुराँसे पदयात्रामा गाँउपालिकाको पर्यटन प्रवर्द्धनको विषयमा बस्ने निर्णय गरियो।

गाउँपालिका राष्ट्रिय महासंघको सदस्यता लिए वापत लाग्ने शुल्क गत आ.व. २०८०/०८१ को ३०,०००/- र चालु आवको ३०,०००/- गरी कुल ६००००/- विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।